नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : ०७९/०८०
चलानी नं.: ४७

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००११२२२४
टेकु, काठमाडौं

मिति: २०७९।०४।१२

अत्यन्त जरुरी

**विषयः दर्ता फारम IMIS मा प्रविष्ट गर्ने सम्बन्धमा ।**

श्री जिल्ला दर्ता अधिकारीहरू (सबै)
जिल्ला सम्पर्क कार्यालय (७७ वटै)

उपरोक्त सम्बन्धमा मिति २०७८।११।१८ गते प्रेषित गरिएको सदस्यता दर्ता र सेवा शुरू हुने समय अनुसार विवरण प्रविष्ट गर्ने सम्बन्धमा विषयको पत्र प्राप्त भएकै होला । सोही बमोजिम भाद्र साईकल देखि स्वास्थ्य बीमामा बीमित हुने नागरिकको फोटो सहितको विवरण श्रावण मसान्तसम्म तपसिल बमोजिम प्रविष्ट गरिसक्न पुनः यो पत्राचार गरिएको छ ।

तपसिल

क) प्रत्येक महिनाको २५ गते विवरण संकलन गरिसक्ने र सो विवरण अर्को महिनाको ७ गते भित्र IMIS Software मा अनिवार्यरूपमा प्रविष्ट गरि स्वास्थ्य बीमा नियमावली, २०७५ को अनुसूची-१३ बमोजिमको ढाँचामा मासिक प्रतिवेदन पठाउने ।

ख) सेवा सूचारू हुने महिनाको अघिल्लो दिन राति १२.०० बजे पछि उक्त साईकलमा संकलन भएको विवरण IMIS Software मा प्रविष्ट गर्न नमिल्ने । (उदाहरणको लागि भाद्र १ गते सुचारू हुने सेवाको विवरण श्रावण महिनाको अन्तिम दिन राति १२.०० बजे सम्म प्रविष्ट गरिसक्नु पर्ने अन्यथा IMIS Software बाट स्वाचालितरूपमा बन्द (Block) हुनेछ ।

(बाबुराम खनाल)
उपसचिव
बाबुराम खनाल

बोधार्थः
श्री नीति योजना शाखा, स्वास्थ्य बीमा बोर्ड ।
श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकुः *यसै अनुसार व्यवस्थापन गर्नु हुन ।*
श्री दाबी व्यवस्थापन शाखा, स्वास्थ्य बीमा बोर्ड ।
श्री प्रदेश शाखा कार्यालयहरू (सात वटै) *सो बमोजिम भए नभएको यथार्थ विवरण बुझि बोर्डमा जानकारी गराउनु हुन ।*

Scanned with CamScanner